आज मिति २०८२/०७/२४ गतेका दिन यस मालारानी गाउँ कार्यपालिकाको ६७ औं बैठक गाउँपालिकाका अध्यक्ष श्री दल बहादुर भट्टराईज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा देहायका प्रस्तावहरुमा छलफल गरी निम्न बमोजिमका निर्णयहरु गरियो ।

| क्र. स. | वडा | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | - | श्री दल बहादुर भट्टराई | अध्यक्ष | |
| २ | - | श्री दिपा पोखेल | उपाध्यक्ष | दीपा |
| ३ | १ | श्री दधिराम आचार्य | सदस्य | |
| ४ | २ | श्री योगेन्द्रनाथ भुसाल | सदस्य | |
| ५ | ३ | श्री दण्डपाणि पोखेल | सदस्य | |
| ६ | ४ | श्री विष्णु प्रसाद पोखेल | सदस्य | |
| ७ | ५ | श्री तुल्सीराम मिश्र(तिलक) | सदस्य | |
| ८ | ६ | श्री नारायण प्रसाद अर्याल | सदस्य | |
| ९ | ७ | श्री खड्क प्रसाद भुसाल | सदस्य | |
| १० | ८ | श्री नरेन्द्र कुमार वस्नेत | सदस्य | |
| ११ | ९ | श्री महेन्द्रवावु खनाल | सदस्य | |
| १२ | ४ | श्री लिल बहादुर वि.क. | सदस्य | |
| १३ | ८ | श्री पद्मा पन्थी | सदस्य | |
| १४ | ३ | श्री सरस्वती खनाल | सदस्य | सरस्वती |
| १५ | २ | श्री मिना खड्का क्षेत्री | सदस्य | |
| १६ | ५ | श्री मधु खनाल | सदस्य | |
| १७ | ९ | श्री हिमा सुनार | सदस्य | |
| १८ | ६ | श्री नुम ब. घर्ती मगर | का.वा.अध्यक्ष | |
| १८ | - | श्री गोविन्द भट्टराई | सदस्य- सचिव | |

**कार्यसम्पादन सहयोगी कर्मचारीहरुः-**

१- नेत्र प्रसाद खनाल - प्र.अ.

२- पदम आचार्य - स.उ.व.

३- शोभाकर खनाल - डी.सी.

## मालारानी गाउँपालिका, अर्घाखाँची
## गाउँ कार्यपालिकाको ६७औं बैठक

मिति: २०८२।०७।२४

समय: बिहान १०.०० बजे

बैठकका प्रस्तावहरु

प्रमुख प्रशासकीय अधिकृत

१ ६६औं बैठकको समिक्षा सम्बन्धमा।

३ सङ्घीय विशेष अनुदान अन्तर्गतको सामुदायिक विद्यालयहरुमा पुरक शैक्षिक पूर्वाधार कार्यक्रम कार्यान्वयन सम्बन्धमा।

४ भौतिक पूर्वाधार तर्फका योजना कार्यान्वयन सम्बन्धमा।

५ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्र सम्बन्धमा

६ संस्था फिल्मस् को निवेदन सम्बन्धमा

७ मालारानी कृषि तथा पशु उद्यमशिलता विकास परियोना अन्तर्गत निर्देशक समितिको निर्णय अनुमोदन सम्बन्धमा

८ आर्थिक / विपद् व्यवस्थापन सहयोग सम्बन्धमा

९ बिविध/ समसामयिक बिषयहरु सम्बन्धमा।

### बैठकका प्रस्ताव र निर्णयहरु

| प्रस्ताव | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १ | ६६ औं बैठकको समिक्षा। | अघिल्लो बैठकबाट भएका निर्णयहरुको अवस्था विश्लेषण हुनुपर्ने। | मिति २०८२।०६।२६ गतेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरु क्रमश समिक्षा गर्दा सबै कार्यान्वयन भएकोले उल्लेखित निर्णयहरुको समिक्षात्मक विश्लेषणलाई अनुमोदन गर्ने। साथै बार्षिक कार्ययोजना कार्यान्वयन सम्बन्धमा गरिएको प्रतिबद्धताको सन्दर्भमा छलफल गर्दा तोकिएको समयसीमा भित्र सबै पक्षले आ- आफ्नो कार्यसम्पादन गर्न/ गराउनको लागि निर्देशन गर्ने | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| २ | हालसम्मको आय-व्ययको विवरण सम्बन्धमा | गाउँपालिकाको समग्र आय-व्यय तथा वित्तिय प्रगतिको विवरण गाउँ कार्यपालिका बैठकमा पेश गर्नु पर्ने कानुनी प्रावधान रहेको। | आ.व. २०८२।८३ का लागि गाउँसभाबाट विनियोजित रू ६३ करोड ४६ लाख ४१ हजार मध्ये हालसम्म आम्दानी २२.०९ प्रतिशत आय भई चालुतर्फ २२.०३ प्रतिशत र पुँजीगत बजेट तर्फ ७.२७ प्रतिशत गरी जम्मा १८.१६ प्रतिशत प्रगति हासिल भएको व्यहोरा बैठकमा प्रस्तुत भएकोले अनुमोदन गर्ने। | पेश भए बमोजिमको प्रस्ताव अनुमोदन गर्ने निर्णय गरियो। |
| ३ | सङ्घीय विशेष अनुदान अन्तर्गतको सामुदायकि विद्यालयहरुमा पुरक शैक्षिक पूर्बाधार कार्यक्रम कार्यान्वयन सम्बन्धमा। | आ.व.२०८२।८३ को लागि सङ्घीय सरकारको विशेष अनुदानमा सामुदायिक विद्यालयहरुमा पुरक शैक्षिक पूर्बाधार कार्यक्रम( कम्प्युटर, स्मार्ट टि.भी, शौचालय र घेरवार) मा एकमुष्ट बजेट विनियोजन भएकोले कार्यान्वयनको लागि गाउँ कार्यपालिकाबाट विद्यालयहरुमा तोकिएको क्षेत्रमा बजेट बाँडफाँड हुनुपर्ने। | आ.व.२०८२।८३ को लागि सङ्घीय सरकारको विशेष अनुदानमा सामुदार्यिक विद्यालयहरुमा पुरक शैक्षिक पूर्बाधार कार्यक्रम( कम्प्युटर, स्मार्ट टि.भी, शौचालय र घेरवार) मा एकमुष्ट बजेट विनियोजन भएकोले सो कार्यक्रम कार्यान्वयनको लागि विद्यालयका लागि आवश्यकता र प्राथमिकताका आधारमा योजना तथा कार्यक्रम माग गरिएकोमा ४८ वटा विद्यालयहरुबाट विभिन्न क्षेत्रमा माग निवेदन प्राप्त भएकोले कार्यालयबाट विद्यालयको आवश्यकता, औचित्यता, विद्यार्थी संख्या समेतलाई अध्ययन विश्लेषण र आवश्यकता अनुसार स्थलगत अध्ययन गरी प्राथमिकताको आधारमा आगामी बैठकमा विद्यालयगत रुपमा बजेट बाँडफाड गरी कार्यान्वयन गर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |

CamScanner

विन्द ...

| प्रस्ताव | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| ४ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्र सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.११२ मिति२०८२।०६।०८ को निर्णय कार्यान्वयन गर्ने/ गराउने सम्बन्धमा विषयक पत्रको जानकारी गाउँ कार्यपालिकामा पेश गर्दा सान्दर्भिक हुने। | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.११२ मिति२०८२।०६।०८ को निर्णय कार्यान्वयन गर्ने/ गराउने सम्बन्धमा विषयक पत्रसाथ संलग्न रहेको अर्थ मन्त्रालयको च.नं.११८ मिति २०८२।०६।०७ विभिन्न १० वटा क्षेत्रमा रहेका बुँदामा उल्लेखित विषयहरु बैठकमा प्रस्तुत भई छलफल भयो। छलफलको क्रममा खर्च कटौती हुन सक्ने शिर्षकहरु अन्तर्गत गाउँपालिका, वडा, स्वास्थ्य संस्था र विद्यालयमा रहेका करारका कर्मचारीहरु अति आवश्यकताको आधारमा मात्र गाउँसभाबाट निर्णय भए बमोजिम राखिएको र उक्त पत्र प्राप्त हुनु अगवै २०८३ पौष मसान्त सम्मको लागि करार सम्झौता भई सकेको र अर्थ मन्त्रालयको उक्त पत्रको सन्दर्भमा गाउँपालिका राष्ट्रिय महासंघबाट प्रधानमन्त्री तथा अर्थ मन्त्रीलाई छुट्टाछुट्टै ध्यानाकर्षण पत्र बुझाई गाउँ सभाबाट स्वीकृत दरबन्दिमा करार सेवाबाट कामकाज गर्न रोक नलगाउन आवश्यक सहजिकरणको लागि अनुरोध भएकोले हाललाई यथावत राख्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| ५ | संन्सा फिल्मस् को निवेदन सम्बन्धमा | संन्सा फिल्मस् ले मिति २०८२।६।१२ गते मालारानी मन्दिरलाई स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा थप परिचित बनाउन, धार्मिक पर्यटनको सम्भावना उजागर गर्न मालारानी मन्दिर परिसरमा भजन गीत छायाङ्कन कार्यक्रमको लागि आर्थिक सहयोग माग भई निवेदन पेश भएकोले कार्यपालिकाबाट निर्णय हुनुपर्ने। | संन्सा फिल्मस् को मिति २०८२।६।१२ गतेको निवेदन अनुसार मालारानी मन्दिर परिसरमा संस्कृति तथा पर्यटन प्रवर्द्धनको लागि मालारानी मन्दिरलाई लक्षित गरी मिति २०८२।०६।१३ गते सम्पन्न लोक भजन गीत छायाङ्कन कार्यक्रम वापत माग भएको आर्थिक सहयोगको विषयमा छलफल गर्दा उक्त छायाङ्कनबाट मालारानी मन्दिर क्षेत्र र यसको महत्व बारेमा प्रचार प्रसार भई पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने देखिएकोले अन्य संघ/ संस्था आर्थिक सहयोग शिर्षमा विनियोजन भएको बजेट मध्येबाट रु. १०००००।००( एक लाख) आर्थिक सहयोग स्वरुप संन्सा फिल्मस् लाई उपलब्ध गराउने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| ६ | निर्देशक समितिको निर्णय अनुमोदन सम्बन्धमा। | मालारानी गाउँपालिकाको साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन ऐन, २०८० र सो सम्बन्धीको कार्यविधि बमोजिम यस गाउँपालिकामा हेफर प्रोजेक्ट नेपालको लागत साझेदारीमा सन्चालित मालारानी कृषि तथा पशु उद्यमशिलता परियोजना सन्चालन र व्यवस्थापनको लागि गठित निर्देशक समितिको मिति २०८२।०७।२३ गतेको बैठकबाट गाउँ कार्यपालिकामा सिफारिस भएका निर्णयहरु अनुमोदन हुनुपर्ने कानुनी व्यवस्था भएको। | मिति २०८२।०७।२३ गते निर्देशक समितिको बैठकबाट यस गाउँपालिका अन्तरगत मालारानी कृषि तथा पशु उद्यमशिलता विकास परियोजना सन्चालनका लागि हेफर प्रोजेक्ट नेपाल/ RCHDC सँग मिति २०८०।०८।२२ मा भएको सम्झौता अनुसार आ.व.२०८२।०८३ का लागि गाउँपालिकाबाट स्वीकृत बजेट रु. ८०,००,०००।०० अन्तर्गत कार्यान्वयन गरिने क्रियाकलापहरुको सन्दर्भमा निर्णय गरी कार्यपालिकामा अनुमोदनका लागि सिफारिस भए अनुसार संलग्न बमोजिम उक्त समितिको निर्णयहरुलाई अनुमोदन गर्ने | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |

दल बहादुर ...

| प्रस्ताव | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| ७ | कर्मचारी व्यवस्थापन सम्बन्धमा | गाउँपालिकाको सेवा प्रवाह सन्चालनको लागि अत्यावश्यक कर्मचारी व्यवस्थापनको लागि गाउँ कार्यपालिकाबाट निर्णय हुनुपर्ने | १. यस गाउँपालिकामा वडा सचिवहरुका पद रिक्त हुँदा अत्यावश्यक पन्जिकरणका कामहरु समेत सम्पादन हुन कठिनाई भएको अवस्था, तत्काल प्रदेश लोक सेवा आयोगमा माग भएका कर्मचारीहरुको पदपुर्ति हुने अवस्था नदेखिएकोले प्रदेश लोक सेवा आयोग समक्ष वैकल्पिक र अस्थायी योग्यता क्रममा रहेका उम्मेद्वारहरुको सूची उपलब्ध गराईदिनको लागि अनुरोध गरिएकोमा प्रदेश लोकसेवा आयोगबाट प्राप्त सूची अनुसारका स्थानीय प्रशासन सेवा अन्तर्गका सूचीका उम्मेद्वारहरुसँग सम्पर्क गर्दा आउन नसक्ने जानकारी गराएको र मिति २०८२।०६।२१ च.नं. १७३ को पत्रबाट प्रदेश प्रशासन सेवा अन्तर्गतका वैकल्पिक र अस्थायी योग्यताक्रममा रहेका उम्मेद्वारहरुको विवरण प्राप्त भएको र उक्त सूचीमा रहेका इच्छुक उम्मेद्वारलाई सेवा करार नियुक्तिको लागि आवेदन पेश गर्न २०८२।०७।१७ गते सूचना प्रकाशन गरिएकोमा वैकल्पिक योग्याताक्रम नं. २ का सुर्यभान यादव र अस्थायी योग्यताक्रम नं. २ का उमेश भण्डारीले तोकिएको म्याद भित्र आवेदन पेश गरेकोले निजहरुलाई स्थायी पदपुर्ती नहुन्जेलसम्म बढिमा ६ महिनाको लागि सेवा करार सम्झौता गरी कामकाजमा लगाउन कार्यालयलाई निर्देशन गर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| ८ | आर्थिक / विपद् व्यवस्थापन सहयोग सम्बन्धमा | औषधी उपचार/ विपद् व्यवस्थापनका लागि आर्थिक सहयोग माग भई आवश्यक कागजातहरु सहित निवेदनहरु पेश भएकोमा आर्थिक सहयोगको लागि गाउँ कार्यपालिकाबाट निर्णय हुनु पर्ने। | वडा नं. ९ निवासी प्रकाश बहादुर वि.क. क्यान्सर उपचार सहयोगको लागि उपलब्ध गराईएको रु. २० हजार अनुमोदन गर्ने, वडा नं. ९ निवासी होमलाल पन्थी र वडा नं. ३ निवासी नविना नेपालीलाई क्यान्सर रोग उपचार सहयोग वापत रु. २०/२० हजार, वडा नं. ३ निवासी रेम बहादुर वि.क. थारो भत्केकोले मर्मत वापत रु. ६ हजार , वडा नं. ३ निवासी विष्णु प्रसाद खनालको थारो पुर्ण क्षेति भएकोले पुनः निर्माण सहयोग वापत ७ फुटे ३० पाता सादा जस्तापाता उपलब्ध गराउने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| ९ | विविध/ समसामयिक निर्णयहरु | | | |
| ९.१ | भौतिक पूर्वाधार तर्फका योजनाहरुको लागत अनुमान र ठेक्का व्यवस्थापन सम्बन्धमा | भौतिक पूर्बाधार तर्फका योजनाहरुको विनियोजित बजेट भन्दा बढि लागत लागत अनुमान स्वीकृत गरी ठेक्का व्यवस्थापन गर्दा दायित्व सृजनाहुने रकमको स्रोत सुनिश्चित गर्न गाउँ कार्यपालिकाबाट निर्णय हुनुपर्ने | संङ्घीय तथा प्रदेश सशर्त अनुदान अन्तर्गत स्वीकृत भौतिक पूर्बाधार तर्फका योजनाहरु मध्ये सडक योजना तर्फ २५ प्रतिशत सम्म र भवन तर्फ १५ प्रतिशत सम्म बढी लागत अनुमान स्वीकृत गरी ठेक्का बन्दोवस्त गर्न कार्यालयलाई निर्देशन गर्ने र ठेक्का प्रतिष्पर्धा हुँदा विनियोजित बजेट भन्दा बढि रकमको ठेक्का सम्झौता गर्नुपर्ने अवस्थामा थप दायित्व सृजना हुने रकम समपुरक साझेदारी कोषमा विनियोजन भएको बजेट मध्येबाट व्यहोर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |

दल बहादुर भट्टराई
अध्यक्ष

CamScanner

गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

| प्रस्ताव | प्रस्ताव | संक्षिप्त ब्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १२ | कार्यक्रम उत्पादन र प्रशारण सम्बन्धी कार्यक्रम कार्यान्वयन सम्बन्धमा | मेरो मिडिया घरबाट सन्चालित सामुदायिक रेडियोबाट कार्यक्रम उत्पादन र प्रशारण खर्च शिर्षकमा बजेट विनियोजन भएकोले के कस्ता बिषयको उत्पादन र प्रशारण गर्ने हो सो सम्बन्धमा कार्यपालिकाबाट निर्णय हुनुपर्ने। | आ.व.२०८२।०८३ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत मेरो मिडिया घरबाट सन्चालित सामुदायिक रेडियोबाट कार्यक्रम उत्पादन र प्रशारण खर्च शिर्षकमा रु ५ लाख विनियोजन भएकोमा उक्त कार्यक्रम कार्यान्वयनको बिषयमा छलफल गर्दा गाउँपालिकाका गतिविधिहरुलाई समेटेर हेलो मालारानी रेडियो कार्यक्रम उत्पादन र प्रशारण, गाउँसभा अधिवेशनको प्रत्यक्ष प्रशारण, बार्षिक सन्देश मूलक सूचना सामाग्री उत्पादन र प्रशारणको कार्य गर्नको लागि उक्त रेडियोसँग प्रस्ताव पेश गर्न लगाई सम्झौता गरी कार्यान्वियन गर्न कार्यालयलाई निर्देशन गर्ने। | |

दल बहादुर भट्टराई
अध्यक्ष